जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ०२, २०८१ साउन १० गते विहीबार,25 July. 2024, नेपाल सम्वत्-११४४ पृष्ठ-६, मूल्य रु. ५/-

को हुन् मुख्यमन्त्री लामा



मकवानपुर । कांग्रेसको भ्रातृ संगठन नेविसंघहुँदै पार्टी राजनीतिमा लागेका बहादुर सिंह लामा हाल कांग्रेस केन्द्रीय समिति सदस्य छन् ।

लामा २०२७ कात्तिक ८ गते नुवाकोटको किस्पाङ गाउँपालिका ५ मनकामनामा जन्मेका हुन् । लामाले गाउँकै स्कुलबाट आधारभूत तहको शिक्षा हासिल गरेका उनले माध्यमिक तहको अध्ययन नुवाकोटको विदुरबाट पूरा गरेका थिए । उनले काठमाडौंको शंकरदेव क्याम्पसबाट स्नातकसम्मको उच्चशिक्षाको अध्ययन पूरा गरेका छन् ।

उनले २०४३ मा नेविसंघको सदस्यता लिएका थिए । २०४५ सालमा नेविसंघ नुवाकोटको क्षेत्रीय सभापति भएका उनी पछि कांग्रेस नुवाकोटको जिल्ला उपसभापति भए ।

२०५४ को स्थानीय तहको निर्वाचनमा नुवाकोटको तत्कालीन मनकामना गाविस अध्यक्षमा निर्वाचित भएका लामा पार्टीको १३ औं महाधिवेशनमा निर्वाचित केन्द्रीय सदस्य भए भने १४ औं महाधिवेशनबाट पनि उनले केन्द्रीय सदस्यमा निरन्तरता पाए । २०६४ सालमा नुवाकोट क्षेत्र नम्बर-३ बाट संविधानसभा सदस्य पदको निर्वाचनमा पराजित भएका उनी २०७० को दोस्रो संविधानसभा निर्वाचनमा विजयी भएका थिए ।

२०७४ मा समानुपातिक कोटाबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका लामा २०७९ मा भने बागमती प्रदेशसभा सदस्य निर्वाचित भएका थिए । बागमतीको आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी समेत सम्हालिसकेका उनी मुख्यमन्त्रीमा नियुक्त भएका छन् । निर्माण व्यवसायी समेत रहेका लामा देशकै पहिलो तामाङ समुदायका मुख्यमन्त्री हुन् ।

हार्दिक बधाई

यस प्याब्सन मकवानपुर आवद्ध विभिन्न बोर्डिङ स्कुलहरुबाट एसईई परीक्षा २०८० मा सहभागी भई सफल भएका सम्पूर्ण विद्यार्थी भाइबहिनीहरु तथा विद्यालय परिवारलाई हार्दिक बधाई । साथै ग्रेड परिक्षामा सहभागी हुदैं गरेका विद्यार्थीहरुलाई सफलताको कामना ।



अध्यक्ष एवम्



प्याब्सन मकवानपुर परिवार

हार्दिक आभार

हामी तेह्रौं वर्षको यात्रामा

सकारात्मक सोचले सकारात्मक नतिजा प्रदान गर्दछ । बाह्रौं वर्षकोपुरा गरी तेह्रौं वर्षमा प्रवेश गर्दैगर्दा हामीले धेरै सकारात्मक उर्जा पाएका छौं ।

विषम परिस्थितिको संघर्षमय यात्रा पार गर्दै सहीखबर साप्ताहिकले १३ वर्षको यात्रा सुरु गरेको छ । साथै www.saheekhabar.com ले पनि चौथो वर्ष पुरा गरि पाँचौ वर्ष सुरु गरेको छ । विषम परिस्थितिमा हामीलाई यहाँसम्मको यात्रामा साथ दिनुहुने आदरणीय पाठकवृन्दहरु, विज्ञापनदाता ज्यूहरु, स्तम्भकार ज्यूहरु, प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने, शुभभाव राख्नुहुने सबैमा एकमुष्ट हार्दिक आभार, हार्दिक धन्यवाद ।

आगामी यात्रामा पनि यहाँहरुबाट उस्तै साथ सहयोगको उत्तिकै अपेक्षा राख्दछौं ।

सरिता दाहाल:प्रकाशक/सम्पादक
व्यवस्थापक: सिताकुमारी घिमिरे
संझना घिमिरे:समाचार संयोजक
गोपिका दाहाल: संवाददाता

काँग्रेसले मिलाउन सकेन पार्टीभित्रै भागबण्डा

१० मन्त्रीमात्रै सपथ लिए



○ संझना घिमिरे

मकवानपुर । सत्ता सम्मिकरणको नयाँ गठबन्धन अनुसार बागमती प्रदेशको मुख्यमन्त्रीको जिम्मेवारी पाएका बहादुर सिं लामाले पद तथा गोपनीयताको सपथ लिएका छन् ।

मंगलबार बागमती प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका लामाको बुधबार सपथ ग्रहण गरेका हुन् । बुधबार नै मुख्यमन्त्री लामासहित प्रदेशको १० मन्त्रीहरुको पनि सपथ लिए, तर सबैले मन्त्रालयको जिम्मेवारी भने पाएका छैनन् । लामालाई मंगलबार प्रदेश प्रमुख यादव चन्द्र शर्माले संविधानको धारा १६८ को ३ अनुसार मुख्यमन्त्रीमा नियुक्त गरेका थिए । एमाले ३७ र कांग्रेसका ३७ गरी ६४ सांसदहरुको समर्थन उनी मुख्यमन्त्री नियुक्त भएका हुन् ।

प्रदेश सभाको दुई तुला दलहरू मिलेर सरकार सञ्चालनमा गएको यो पहिलो पटक हो । यो संगै बागमती प्रदेशमा नेपाली काँग्रेसले पहिलो पटक सरकारको नेतृत्व गरेको हो ।

नेपाली काँग्रेसको नेतृत्वमा रहेको प्रदेश सरकारमा एमालेले ६ वटा मन्त्रालय पाएको छ भने काँग्रेसले मुख्यमन्त्री सहित ७ मन्त्रालय पाएको छ । एमालेबाट प्रकाश श्रेष्ठले कृषि तथा पशुपन्छी, किरण थापाले स्वास्थ्य, कृष्ण प्रसाद सिलवालले वन तथा वातावरण, सुकमाया तामाङले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन, अमन मास्केले भौतिक पूर्वाधार विकाश र प्रेम भक्त महर्जनले श्रम रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

कांग्रेसले मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय पाएको छ ।

काँग्रेसले पाएको मन्त्रालयहरूमा को को मन्त्री नियुक्त हुने भन्ने सहमति पार्टी मित्र मिलाउन नसकेपछि काँग्रेसले ३ जनालाई मात्रै मन्त्री मा पठाएको छ । जसमा कुन्दन राज काफ्ले, श्याम बहादुर खड्का र मधुकुमार श्रेष्ठलाई नियुक्त गरिएको छ । तर उनीहरूलाई पनि जिम्मेवारीपछि तोकिने गरि मन्त्री नियुक्त गरिएको हो। नियुक्त भएका सबै मन्त्रीहरूले बुधबार नै पद तथा गोपनीयताको सपथ लिएका छन् ।

सरकारमा सहभागी हुँदा एमाले र काँग्रेसमित्र मन्त्रालय बाँडफाँडमा सकस हुँदाहुँदा सहमति जुट्दयो अहिले काँग्रेसमित्र गुट उपगुटको मत नमिल्दा मन्त्री नियुक्तीमै सकस देखिएको छ । तुलो पार्टीमा महात्वकाक्षिहरू धेरै हुने र तालमेल मिलाउन समय लाग्नु स्वाभाविक भएको काँग्रेस सांसद इन्द्रबहादुर बानियाँले बताए । बानियाँका अनुसार काँग्रासले बाँकी ३ मन्त्रीहरू चाँडो नियुक्त गर्ने र सबैलाई एकैपटक जिम्मेवारी तोक्नेछ ।

बागमती प्रदेशमा ११० प्रदेश सभा सदस्यहरू मध्ये नेकपा एमालेका ३७ र नेपाली काँग्रेसका ३७ सांसदहरू छन् ।

हार्दिक शुभकामना

सम्पादक, प्रकाशक र अन्य कर्मचारी सबै महिला मात्र संलग्न रहदै विगत १२ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आएको **सहीखबर साप्ताहिक**ले मकवानपुरको पत्रकारिता क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । विशेष गरी महिला, बालबालिका, मानवअधिकार र सामाजिक विषयलाई प्राथमिकता दिँदै आएको यस पत्रिकाले समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निभाएको हामीले पाएका छौं ।

यस साप्ताहिकले महिला सशक्तीकरणको क्षेत्रमा पनि उदाहरणीय काम गरेको छ । पछिल्लो ४ वर्षदेखि *www.saheekhabar.com* अनलाइन संस्करण समेत प्रकाशित गरी डिजिटल माध्यममा पनि आफ्नो उपस्थिति जनाएको छ ।

प्रेस काउन्सिलमा 'क' वर्गमा सूचिकृत यस पत्रिकाले आफ्नो गुणस्तर र विश्वसनीयताको जगमा मकवानपुरमा छुट्टै पहिचान बनाउन सफल यस पत्रिका १३ औं वर्षमा र अनलाइन ५ औं वर्षमा प्रवेश गरेको अवसरमा यस मिडिया परिवारलाई हार्दिक बधाई ब्यक्त गर्दछु ।

आगामी दिनहरूमा पनि सहीखबर साप्ताहिक र *www.saheekhabar.com* ले नेपाली पत्रकारिता क्षेत्रमा थप योगदान पुऱ्याउँदै जाओस् र समाजको आवाज बन्न सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु । साथै, पत्रिका र अनलाइनको निरन्तर प्रगतिको कामना गर्दछु ।

माया तामाङ कार्यक्रम संयोजक

माइती नेपाल मकवानपुर

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
संवाददाता: गोपिनी दाहाल
प्रबन्ध/बजार व्यवस्थापक:- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

फ्लुबाट बचौं

मौसम परिवर्तनसँगै अहिले मौसमी फ्लुबाट संक्रमित बिरामीहरूको चाप स्वास्थ्य संस्थाहरूमा बढेको छ। मौसमी फ्लु प्राय: सामान्य रूघाखोकीको रुपमा देखा पर्छ । एक्कासी ज्वरो आउने, रूघा र सुक्खा खोकी लाग्ने, टाउको दुख्ने र बच्चामा पखाला लाग्ने यसका लक्षण हुन् । स्वास्थ्यकर्मीहरूका अनुसार करीब १०० मन्दा बढी किसिमका भाइरसहरु श्वासप्रश्वास प्रणालीमा संक्रमण फैलाउने खालका पाइएका छन् । अधिकांश मौसमी फ्लु लक्षण देखा परे घरमै आराम गर्ने, नियमित साबुनपानीले हात धुने, पोषिलो खानेकुरा खाने, प्रशस्त पानी पिउने, खोकी वा हाच्छिउँ गर्दा कुहिनो वा पाखुराको प्रयोग गर्ने जस्ता कृयाकलापबाट बच्न र बचाउँन सकिन्छ।

मौसमी फ्लु एक व्यक्तिबाट अर्को व्यक्तिमा खोक्दा वा हाच्छिउँ गर्दा सर्न सक्छ । संक्रमित वस्तु छोएको हातले नाक, मुख र आँखा छुँदा पनि सर्छ । संक्रमित व्यक्तिमा ज्वरो एक हप्तासम्म रहिरहन्छ । त्यसपछि आफैं हराएर जान्छ । तर, गर्भवती, पाँच वर्षमुनिका बालबालिका, ६५ वर्षमन्दा माथिका ज्येष्ठ नागरिक, रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्ति र दीर्घ रोगीमा यसले निमोनिया तथा तीव्र श्वासप्रश्वास सम्बन्धी समस्या निम्त्याउने हुँदा समयमा उपचार नगरे ज्याने जान सक्छ । यसैले समयमा स्वस्थ्य र सुरक्षित व्यवहार जीवनशैली ने फ्लुबाट बँच्ने उत्तम उपाय हो ।

नेपालमा पछिल्लो समय परिवर्तित मनसुनी वर्षाका कारण आएको बाढीपहिरोलगायत विपद्मा परेर गत जेठ २८ गते यता १३३ जनाको मृत्यु भइसकेको छ। सो अवधिमा १४५ जना घाइते भएका छन् भने सिमलताल घटनाबाहेक सात जना बेपत्ता रहेका छन् । कोशी प्रदेशमा २२, मधेस प्रदेशमा ६, बागमती प्रदेशमा २८, गण्डकी प्रदेशमा ३८, लुम्बिनी प्रदेशमा २३, कर्णाली प्रदेशमा सात र सुदूरपश्चिम प्रदेशमा १० जनाको मृत्यु भएको छ । मौसमी फ्लु तथा मनसुनजन्य प्रकोपबाट बचौ बचाऔं ।

यौन दुर्व्यवहारमा परेकी किशोरीलाई

एक्ल्याउने परिवार र समाज

✍ मेनुका ढुंगाना

अछाम । गत पुस ८ गते अछाम सदरमुकाम मंगलसेनबाट करिब १ सय किलोमिटरको दूरीमा रहेको जिल्लाको पूर्वी क्षेत्र तुर्माखाँद गाउँपालिकामा म रिर्पोटिङको सिलसिलामा पुगेकी थिएँ ।

घर फर्किन अबेर हुने भएपछि म त्यतै बसेँ । त्यही साँझ झिसमिसे अध्याँरो भइरहेको समयमा तुर्माखाँद बजारमा एकाएक एक किशोरीले आत्महत्याको प्रयास गरेको र आमाले ती किशोरीको डोरी काटेको खबर सुनियो ।

पत्रकार टेकबहादुर थापालगायतका तुर्माखाँदका केही मान्छे मेरै छेउमै थिए । ती किशोरीले किन आत्महत्याको प्रयास गरिन् भनेर मैलै त्यहाँ भएका केही मान्छेहरुलाई सोध्न खोजे । वास्तविकता थाहा नभएको भन्दै धेरैले भन्न चाहेनन् । छेउमै रहेका एक जना व्यक्तिले भने, 'बलात्कारको घटना रहेछ । गाउँमा मिलाउन खोजेपछि उनले मानिनन् । आज दिउँसो तुर्माखाँद बजारसम्म न्याय पाइन्छ की भनेर आएकी रहिछन् । यता कसैलाई नभेटेपछि घरमा गएर आत्महत्याको प्रयास गरेकी रहिछन् ।'

त्यो कुरा सुनिसकेपछि मलाई त्यो घटनाबारे झन् जान्न मन लाग्यो । रातीको समय भएकाले ती किशोरीलाई भेट्न सम्भव भएन । तुर्माखाँदमा रहेको स्वास्थ्य चौकीमा उनलाई त्यही राती अचेत अवस्थामा पुऱ्याइएको थियो । बिहानै मैले ती किशोरीलाई भेट्ने योजना बनाए । स्थानीय प्रहरीको सहयोगले मैले ती किशोरीको अवस्था र घटनाको बारेमा प्रारम्भिक जानकारी लिइसकेकी थिएँ ।

पुस ९ गते बिहान ती किशोरीलाई भेट्न स्वास्थ्य चौकी पुगेँ । स्वास्थ्य चौकीको बाहिर उनको गाउँका भद्र भलाद्मी सबै जम्मा भइसकेका थिए । त्यो घटनालाई सबैले आफ्नो-आफ्नो तरिकाले व्याख्या गरिहेका थिए । ती किशोरीलाई भेट्न म र पत्रकार टेकबहादुर थापा गयौं ।

हामी भेट्न गएको समयमा ती किशोरी अचेत अवस्थामा थिइन् । मुखबाट फिँज निकालेर बेहोस् भइरहेकी उनमा छटपटी मात्रै देखिन्थ्यो । त्यता सञ्चो नभएपछि उनलाई जिल्ला अस्पताल रेफर गरियो । घटनाको वास्तविकता बुझ्न उमेरले ६५ वर्ष पार गरेकी किशोरीकी आमालाई एकान्तमा लगेँ । उनकी आमाका अनुसार पुस ७ गते तुर्माखाँद बजारबाट घर जाने क्रममा २९ वर्षका सर्प विकले उनलाई हातपातसहित बलात्कारको प्रयास गरे । मदिराले लठ्ठ भएका विकले बजारबाट घर जाने बेलादेखि नै ती किशोरीलाई पच्छ्याइ रहेका थिए ।

घरनजिक पुग्ने बेला मदिराले मातेका सर्पले जब उनको शरीर माथि आक्रमण गर्न थाले तब ती किशोरीकी आमाले सुनिन् । आमा घटनास्थल नपुग्दै भागेका विकले घर पुगेर गल्ती गरेँ माफ गर्नुस् भन्दै फोन गर्न थाले । उनकी आमाका अनुसार घटनाको पछिल्लो दिन जनप्रतिनिधि, केटापक्ष र किशोरीका आफन्तसहित गाउँलेहरु बसेर घटना गाउँमै मिलाउनुपर्ने भन्दै दबाब दिए ।

गाउँमा दुवै पक्षले किशोरीलाई आर्थिक प्रलोभनमा पारेर मुद्दा मिलाउने प्रयास गरिरहे । घटना घटिसकेपछि गाउँमा जनप्रतिनिधिसहित अरुले अलिकति पैसा लिएर मुद्दा मिलाउन भने । "छोरीले मलाई पैसा चाहिँदैन यसले ममाथि आक्रमण गरेर इज्जत लुटेको छ । मलाई न्याय चाहिन्छ भनिन्" किशोरीकी आमाले कुराकानीको क्रममा भनेकी थिइन्, "केटाले सबैका अगाडी मैले केही पनि गरेको छैन भन्न थाल्यो । घटना पनि नस्वीकार्ने र मुद्दामामिला पनि गर्नु हुन्न भन्न थाले । त्यो कुरा छोरीले मानिन ।"

उनकाअनुसार केटी पक्ष मुद्दामामिलामा गए उल्टै बदनाम हुने भन्दै किशोरीलाई फकाउन लागेका थिए । गाउँमा सबै मिलेर मुद्दामामिलामा जानबाट रोकेपछि ती किशोरी तुर्माखाँद गाउँपालिकाको कार्यालयसम्म पुगेकी थिइन । कार्यालयमा गएर कानुनी प्रक्रियामा जान खोजेकी किशोरीले कसलाई भेट्ने, के गर्ने मेसो पाइनन् । न्याय खोज्न गाउँपालिका केन्द्रमा पुगेकी किशोरी निराश हुँदै घर फर्किन् ।

किशोरीको पक्षमा बोल्ने उनका आमाबुवा बाहेक कोही भएनन् । २/३ जना जम्मा भएको ठाउँमा पनि यत्रो घटना हुँदासम्म लाजै नमानी हिँडेकी छ जस्ता कुरा काट्न थालेको ती किशोरीले सुनिरहिन् । सबैबाट तिरस्कार पाएपछि उनले आत्महत्या प्रयास गरेकी रहिछन् । "मेरा श्रीमान घरको कामले तराई गएका छन् । छोरा बुहारी बम्बै छन् । घरमा छोरी र ममात्रै छौं । गाउँले भएका सबै एक भए, छोरीका लागि बोलिदिने कोही भएन" उनकी आमाले रिर्पोटिङ्गको क्रममा भनेकी थिइन्, "दिउँसो म पनि गोरुबाखा चराउन गएँ । साथमा गइदिने अरु कोही भएन । साँझ घर आउँदा मेरो त कोही पनि रहेनछ भनेर आत्तिरहेकी थिइन ।"

उनका अनुसार आत्तिदै घरपुगेकी किशोरी छट्पटाइरहेकी थिइन् । "मेरो शरीरमाथि आक्रमण पनि गर्ने, समाजका मान्छे उल्टै केटाको पक्ष लिने, मेरो इज्जत नै गयो भन्न थाली । धेरै रोइकराइ गर्न थालेपछि म सम्झाउँदै थिएँ" उनकी आमाले भनिन् "म खाना पकाउन थालेँ । गाइबस्तुलाई घाँस हाल्न गएका बेला गोठभित्र पासो लगाएर छट्पटाइ रहेको देखेा र हत्तपत्त पासो काटेँ ।"

घटना मिलाउन खोज्ने जनप्रतिनिधि सबैसँग कुरा गरेर मंगलसेन फर्केर "यौन दुर्व्यवहार घटना मिलाउन खोज्दा किशोरीद्वारा आत्महत्या प्रयास" शीर्षकमा कान्तिपुरमा समाचार लेखेँ । उक्त समाचार प्रकाशित भइसकेपछि किशोरीको गाउँका जनप्रतिनिधि,नेता, शिक्षक, प्राध्यापकदेखि सबैले समाचारमा आए जस्तो घटना होइन , यसले त गाउँकै बेइज्जत भयो भनेर चार दिनसम्म लगातार फोन गरिरहे । कतिले समाचार सच्याउन आग्रह गरे , कतिले धम्की दिए । तर म किशोरीको पक्षमा अटल थिएँ । घटनाको सबै जानकारी पत्रकारलाई किन दिएको भन्दै किशोरीकी आमालाई पनि केही आफन्तले थर्काए । ती किशोरीलाई दुर्व्यवहार गर्ने युवक राजनीतिमा प्रभाव पार्ने भोट कब्जा गर्न सक्ने खालका रहेछन् ।

जिल्ला अस्पतालबाट ती किशोरी डिस्चार्ज भएपछि प्रहरीमा जाहेरी दिने प्रक्रिया सुरु भयो । उनको दाइ नाता पर्ने एक जना युवक उक्त घटनालाई आफैं सम्हाल्ने भनेर कैलालीबाट अछाम पुगेका रहेछन् । मुद्दा दर्ताको लागि किशोरी जिल्ला प्रहरी कार्यालयमा पुगेको खबर थाहा पाएपछि म त्यतै पुगेँ । ती किशोरीका दाइ नाता पर्नेले घटनाको जानकारी पत्रकारलाई दिएको भन्दै उनकी आमालाई प्रहरी परिसरमै थर्काइरहेका थिए । नभएको घटनाको समाचार लेखेको भन्दै उनले मलाई पनि गाली गरिरहे । म उनकै छेउमा पुगिसकेकी थिएँ । उनले भने मलाई चिनेका थिएनन् । हुँदै नभएको घटनालाई बाहिर ल्याएर मेरो परिवारको बेइज्जत गर्ने त्यस्ता पत्रकारलाई त्यसै छोड्दिन भन्दै उनी ठूल्ठूलो स्वरमा कराइरहेका थिए ।

अन्तमा सहन नसकेर समाचार लेख्ने मै हो, ल म तपाईंकै अगाडी छु के गर्नु हुन्छ गर्नुस् भनेपछि उनी अक्मकिए । त्यसो होइन बहिनी भन्दै उनी मलाई प्रवचन दिन थाले । खासमा उनी पनि किशोरीको पक्षमा भन्दा पनि केटालाई मुद्दा हाल्न नहुने तरिकाले बोलिरहेका थिए ।

केही समयपछि वकिल खोजेर घटनाको सबै विवरणसहित जाहेरी लेख्ने कुरा भयो । ती किशोरी, उनका बुवाआमा र दाई वकिल कहाँ गए । जाहेरीमा किशोरीले आत्महत्याको प्रयास गरेको घटनाको बारेमा केही उल्लेख थिएन । मलाई सुरुबाटै शंका लागेर जाहेरीमा के बेहोरा आयो भनेर प्रहरीलाई सोधेँ । आत्महत्याको कुरा उल्लेख नभएको थाहा पाएपछि उनलाई फेरि सबै विवरण खुलाएर जाहेरी लेख्न पठाइयो ।

सबै प्रक्रिया पुरा गरेर जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता भयो । गाउँका मान्छेले कुरा काट्ने , होच्याउने गर्न थालेपछि उनी त्यही गाउँमा फर्किन सकिनन् । ती किशोरीलाई केही दिन मंगलसेनस्थित सेफ हाउसमा राख्ने कुरा भयो । मुद्दा दर्ता भएपछि उनकी आमा र उनलाई सेफ हाउसमा पठाइयो । उनीसँगै आएका दाइ नाता पर्नेले ती किशोरीलाई सेफ हाउसमा राख्न दिएनन् । सेफ हाउसमै गएर मेरो बहिनीलाई यता राख्दिनँ, आफैंसँग कैलाली लगेर जान्छु भनेर उनले त्यताबाट जबरजस्ती लगे । सेफ हाउसका कर्मचारीकै अगाडी समाचार लेखेकै कारण घटना ठूलो भएको भन्दै मलाई नानाथरी गाली गरेछन् । र ती किशोरी उनका बुवाआमासहित लगेर कैलाली गए ।

कैलाली गएको केही समयमा बयान दिनका लागि ती किशोरीले अछाम आउनु पर्नेभयो । सबै जिम्मेवारी लिन्छु भनेर लगेका दाइले कैलाली पुगेपछि उनको साथ छोडे । भारतमा रहेका दाइहरुले पनि बलात्कार जस्तो मुद्दामामिलमा लागेको भन्दै ती किशोरीलाई मानसिक यातना दिइरहे । दाइहरुले कैलालीमा बनाएको घरमा बसिरहेका उनका बुवाआमालाई छोरीको पक्षमा बोल्ने भए घर छोडेर जान भने । एक महिना अगाडी बृद्धावस्थाका उनका बुवाआमा अछाम फर्किए । कक्षा ११ मा कैलालीमै भर्ना गरेकाले ती किशोरी भने त्यतै बसिन् । परीक्षाको फारम भर्न दाइहरुसँग पैसा मागिन् । पैसाको सट्टा उनले लगातार गाली पाइन् । घर छोडेर निस्किन दबाब दिन थाले ।

बुवाआमा अछाम आए , घरमा भएको पिठो चामल सबै सकियो । त्यसपछि उनी भोकै सुत्न थालिन् । दिनप्रतिदिन उनका दाइहरुले यातना दिइरहे । अप्रत्यक्ष रुपमा बयान फेरेर केटालाई छुटाइदिन र थप मुद्दामामिलामा नलाग्न उनलाई आनै परिवारबाट दबाब आइरहृयो । तर उनले बयान फेर्न मानिनन् ।

तनाव सहन नसकेपछि ती किशोरीले मलाई एकसातादेखि निर न्तर फोन गरिरहिन् । परिवारको साथ नपाएपछि आत्महत्या गर्ने सोच आउन थालेको छ भन्दै उनी रुन थालिन् । सुरुवाती अवस्थादेखि उक्त घटनाबारे जानकारी भएकाले उनको सुरक्षित ठाउँमा व्यवस्थापन गर्न पाए हुन्थ्यो भन्ने कुराले पिरोलिरहृयो । हुन त एक पत्रकारले समाचार लेख्ने हो , सरोकारवालासम्म पुऱ्याउनुपर्ने हो । पेशागत धर्म नै यही हो । तर यौन दुर्वव्यबहारमा परेकी पीडित किशोरी जो समाजबाट एक्लो भइन्, परिवारबाट एक्लो भइन्, अपहेलित बनिन् उनको बारेमा समाचार मात्रै लेख्नु मात्र ठूलो कुरो होइन भन्ने लाग्यो ।

मैले घटनाको सबै जानकारी महिला आयोगकी अध्यक्ष कमला पराजुलीलाई गराएँ । जसरी पनि ती किशोरीको उद्धार गर्नका लागि आफू लाग्ने बताइन् । उनले पनि विभिन्न निकायसँग उनको व्यवस्थापनका लागि कुरा गरिन् । अन्ततः महिला आयोगकी अध्यक्ष र त्यहाँका केही कर्मचारीले उनलाई काठमाडौंमा बस्ने व्यवस्था मिलाए । तुर्माखाँद गाउँपालिकाका अध्यक्ष डम्बर बीसीले यातायात खर्चको व्यवस्था गरे । अहिले उनी काठमाडौं पुगेकी छन् । अब उनको बाँकी समय काठमाडौंमा बित्ने छ । घटना घटेको होइन भन्दै ढाकछेप गर्न खोज्ने उनका गाउँका जनप्रतिनिधि , नेता , शिक्षक , प्राध्यापकलगायतका व्यक्तिहरु किशोरीले पछिल्लो समयमा भोगिरहेको पीडा र दु:खबारे अन्जान छन् । उनीहरुलाई त्यो समयमा पीडकलाई छुटाउनु थियो , उन्मुक्ति दिनु थियो । तर उनीहरु सफल भएनन् । ***कान्तिपुरबाट***

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

खेलको गन्तव्य बन्दै हेटौंडाको गौरीटार



○ सरोज पौडेल

हेटौंडा । भनिन्छ खेलाडीहरुलाई "राज्यको गहना" हुन् । निरन्तर अभ्यास निरन्तर योगदानले मात्रै खेलमा सफलता संवम छ ।

तर पछिल्लो समय देशमा भएका राम्रा खेलाडीहरू खेल क्षेत्रमा भविष्य सुनिश्चित नदेखिएपछि खेल क्षेत्रबाट पलाएनको बाढो रोज्न बाध्य छन । आफूसँग भएको सिप क्षमताले राज्यको प्रतिनिधित्व गर्दै अन्तराष्ट्रिय रूपमा देशलाई चिनाएका खेलाडीहरु दिनप्रतिदिन बाहिरिदाँ राज्यले भने खेलाडीलाई स्वदेशमै खेलेरै बाच्न सक्ने वातावरण सिर्जना गर्न आजसम्म सकेको छैन । यस्तै नेपाली खेलकुद क्षेत्रमा देखापरेका तिता पृष्ठभूमिका बीचकेही आशा लाग्दा कामहरु भने हुन थालेका छन ।

राज्य सांघिय संरचना आएसँगै स्थापना भएको बागमती प्रदेश सरकारले खेलकुदलाई विशेष प्राथमिकता दिदै खेल क्षेत्रमा भविष्य खोजिरहेका खेलाडीहरुका लागी आसा जगाउने काम गर्न गरिरहेको छ । बागमती प्रदेश सरकार स्थापनाको पहिलो वर्षमै २०७४ सालमा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेश युवा खेलकुद परिषद् गठनको कार्यअघि बढाए । त्यसको मुख्य उदेश्य प्रदेशलाई खेल क्षेत्रको उर्वरभूमीको रुपमा स्थापित गर्दै प्रदेश अन्तर्गतका १३ वटै जिल्लामा खेल क्षेत्रको विकास गर्ने विविध योजना अघि सारे । त्यसलगत्तै तत्कालीन मुख्यमन्त्री पौडेलले खेल क्षेत्र हेर्न छुट्टै निकायको आवश्यकता रहनुपर्ने आवश्यकता देखे र प्रदेश खेलकुद परिषद गठन गरे । परिषद गठन लगत्तै कार्यकालमा खेलक्षेत्रमा बजेट विनियोजन गर्न सुरू गरेकामा वर्तमान सरकारले पनि त्यसलाई निरन्तरता दिदै विषेश चासोका साथ खेलक्षेत्रलाई अघि बढाई रहेको छ ।

तत्कालीन मुख्यमन्त्री पौडेल नेतृत्वको सरकारकै समयमा प्रदेश राजधानी हेटौंडा घोषणा भएको थियो । यद्यपि त्यसबखत प्रदेश राजधानी हेटौंडा भईकनपनि हेटौंडामा कुनैपनि सुविधा सम्पन्न रंगशाला थिएन । २०३९ सालमा प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता सञ्चालनको क्रममा हेटौंडा उपमहानगरपालिका ६ गौरीटारमा सुविधा सम्पन्न रंगशाला निर्माण गरिने घोषणा भएको थियो । रंगशाला निर्माणको घोषणा भएपनि त्यसपछि कुनैपनि काम अघि नबढेको अवस्थामा २८ जेठ २०६६ सालमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले गौरीटार रंगशालामा केन्द्रीय खेलकुद प्रतिष्ठान निर्माणको शिलान्यास गरेका थिए । त्यतिबेला पाँच वर्षमा निर्माण सक्ने भनेपनि बजेट न्यून मात्र पाउँदा रंगशालाको वरपर पर्खाल लगाउने र खेलाडीको छात्रावास मात्र बनेको थियो । झण्डै १५ वर्षअघि शिलान्यास भएको रंगशालालाई प्रदेश सरकार स्थापना लगत्तै प्रदेश गौरवको योजनाको रुपमा समेटेर तिव्रगतिमा काम गरिरहेको छ ।

देशकै दोस्रो ठुलो फुटबल रंगशाला

प्रदेश संरचना आउनुपुर्व जिल्ला खेलकुद विकास समितिको स्वामित्व रहेको रंगशालाको ३३ बिगाहा जमिन हाल प्रदेश संरचनामा जिल्ला खेलकुद समिति आएसँगै प्रदेशको स्वामित्वमा आएको छ । त्यसबखत गौरीटार रंगशाला निर्माणमा संघीय सरकारले करिब आठ करोड रूपैयाँ लगानी गरेको थियो । पाँच अर्ब लागत अनुमान गरिएको उक्त योजनामा संघीय सरकारले बजेट लगानी गर्न नसक्दा लामो समय अलपत्र बनेको थियो । अहिले संघीय सरकारले अलपत्र छाडेको गौरीटार रंगशाला निर्माणले गति लिएको सुरू गरेको छ । प्रदेशको तत्कालीन सामाजिक विकास मन्त्रालय र हालको युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत रहेको प्रदेश खेलकुद परिषदले रंगशाला निर्माणको नेतृत्व गर्दै प्रदेशमा विविध खेलकुदका प्रतियोगिताहरु गर्दै आईरहेको छ । प्रदेश सरकारले ३३ बिगाहा क्षेत्रफलमा करिब ५ अर्ब रूपैयाँमा रंगशाला निर्माण गर्दै त्यसमित्र विषेश प्राथमिकताका साथ फुटबल स्टेडियम, पौडी पोखरी, क्रिकेट रंगशाला, एथलेटिक्स खेलकालागी पूर्वाधार, फिटनेस सेन्टर लगाएत ३१ वटा खेल संरचना निर्माण गरिरहेको छ ।

देशकै दोस्रो ठुलो फुटबल रंगशाका रुपमा निर्माण भई रहेको हेटौंडा ६, स्थित गौरीटार रंगशालाको काम द्रुत गतिमा अगाडी बढाइएको छ । बागमती प्रदेश सरकारले पहिलो चरणमा गौरिटारमित्र सुविधा सम्पन्न अन्तराष्ट्रिय मापदण्ड अनुरुपको फुटबल रंगशाला निर्माणलाई प्राथमिकता दिदै तिव्रगतिमा काम गरि रहेको छ । अन्तराष्ट्रिय मापदण्ड अनुरुपमा निर्माणाधीन फुटबल रंगशालाको काम अन्तिम चरणमा पुगेको बागमती प्रदेश खेलकुद परिषदका सदस्यसचिव सूर्यलाल भण्डारीले बताए । फुटबल रंगशाला निर्माणको कार्य लगभग अन्तिम चरणमा पुगेको छ ।

चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्य भएता पनि विविध कारणले गदाँ आगामी अवको केही महिनामै निर्माण सम्पन्नगरि राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरू सञ्चालन गर्ने परिषद्को लक्ष्य छ', सदस्यसचिव भण्डारीले बताए ।, फुटबल रंगशाला देशकै पहिलो प्रविधियुक्त र दशरथ रङ्गशालापछिको दूलो रङ्गशाला बन्नेछ' उनले भने । फुटबल रंगशाको करीब ९५ प्रतिशत काम सम्पन्न भईसकेको भन्दै सदस्यसचिव भण्डारीले र ंगशालामित्र चार हजार पाँच सय दर्शक क्षमताको प्याराफिट निर्माणको काम पनि अन्तिम चरणमा पुगेको बताए । प्रत्येक वर्ष हुदै आएको राष्ट्रिय "राष्ट्रिय ए डिभिजन लिग" फुटबल प्रतियोगिताका केही खेलहरू काठमाडैमा मात्र हुदैं आएकोमा परिषद्ले उक्त प्रतियोगिताका केही खेलहरु निर्माणाधीन रंगशालामा गर्ने र अन्तराष्ट्रिय खेल समेत गर्न सक्ने लक्ष्य सहित तीव्र गतिमा काम गरिरहेको बताए ।

रातको समयमा समेत फुटबल प्रतियोगिता सञ्चालन गर्न मिल्ने गरि रंगशाला निर्माण गरिरहेको छ । रंगशाला मित्र खेलाडीहरुका लागी छुट्टै कोठाहरु, आवास गृह, सुविधा सम्पन्न शौचालयहरु,मिडिया सेन्टरका लागी विशेष कक्ष, प्रतियोगिता सञ्चालनको क्रममा हुनसक्ने सम्भावित दुर्घटना र खेलाडीलाई लाग्नसक्ने चोटपटकको उपचारका निम्ति चिकित्सक बस्ने छुट्टै कक्ष लगाएत थुप्रै पूर्वाधारहरु बन्ने सदस्यसचिव भण्डारीले बताए । फुटबल रंगशाला निर्माण सम्पन्न गर्न करिब ३० करोड खर्च लाग्ने बताईएको छ ।

रंगशाला मित्रै क्रिकेट रंगशाला

गौरिटार रंगशाला परिसरमित्रै अन्तराष्ट्रिय मापदण्ड अनुसारको क्रिकेट रंगशालासमेत निर्माण भईरहेको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरु सञ्चालन गर्न मिल्ने क्रिकेट रंगशाला निर्माणका लागि प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ मा चार करोड रूपैयाँ बजेट विनियोजन गरेको थियो भने आगामी वर्षको लागी समेत बजेट विनियोजन गरेको छ । १३ करोड लागत अनुमान गरिएको रंगशाला निर्माणको कार्य २०८२ साल असार मसान्तमा अर्थात १५ महिनामा सम्पन्न गर्ने लक्ष्य सहित द्रुतगतिमा कार्य भईरहेको छ । क्रिकेट रंगशालामा ५ देखि ७ सयजना दर्शक क्षमताको निर्माणाधीन रंगशालामा अन्तराष्ट्रिय प्रतियोगिताहरु समेत सञ्चालन गर्न सकिने छ । अन्तराष्ट्रिय मापदण्ड अनुसारको ग्राउन्ड, ड्रेन, स्कोर बोर्ड, साईड स्क्रन लगाएत अन्तराष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न आवश्यक पर्ने सबै मापदण्ड सहितको संरचनाहरु निर्माण हुने सदस्यसचिव भण्डारीले बताए ।

अभ्यास र प्रतियोगिता दुवै सञ्चालन गर्न मिल्ने पौडी पोखरी

गौरीटार रंगशालामा क्रिकेट रंगशालासँगै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरु सञ्चालन गर्न मिल्ने पौडी पोखरी निर्माणको काम पनि चालु आर्थिक वर्षमा नै अघि बढाइएको छ ।

पौडी पोखरी पनि अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम निर्माण हुदै गरेको सदस्यसचिव भण्डारीले बताए । प्रदेश सरकारको ९ करोडको लागतमा ३ वटा पौडी पोखरी निर्माणको काम पनि द्रुत गतिमा अगाडी बढाइएको भण्डारीले बताए । निर्माणाधीन पोखरी मध्ये एउटा पोखरी अभ्यासका लागी र अर्को प्रतियोगिता सञ्चालन गर्न मिल्ने गरि निर्माण कार्य भईरहेको छ । पौडी पोखरीका खेलका लागी एउटा ब्लकमा प्याराफिट, ड्रेस चेन्जिङ्ग रूमसहित आवश्यक बाँकी पेज ४ मा




सहीरबर

समाचार

२०८१ साउन १० विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

खेलको गन्तव्य बन्दै...





स्थानीयतहहरूले खेलाडी उत्पादन गर्नुभन्दा पनि धेरै राष्ट्रिय स्तरका खेलहरू र जुन खेल हेर्न र माइलो र बढी भिड हुने गर्दछ त्यसलाई मात्र बढी लक्ष्यित गरिरहेको अवस्थामा प्रदेश परिषद् मातहत रहेका जिल्ला खेलकुद समिति मार्फत सबै स्थानीयतहहरूलाई बुझाउने प्रयास गरिरहेको छ ।

पूर्वाधार निर्माण हुने परिषद्ले जनाएको छ ।

२३ बिगाहा क्षेत्रफलमा बनेको गौरीटार रंगशालाको गुरूयोजना अनुसार कुल ३१ वटा संरचना बन्ने भण्डारीले बताए । कुल साँढे ५ अर्ब बजेटको गुरूयोजना अनुसार रंगशालामित्र ९ वटा कबर्डहल, ८ वटा डूर्निङ सेन्टर, फिटनेस सेन्टर, होस्टेललगायतका संरचना गरि कुल ३१ वटा संरचना बन्ने उनले बताए । सदस्यसचिव भण्डारीले प्रदेश खेलकुद विकास परिषद्ले जनशक्ति विकास र पूर्वाधार विकासलाई प्राथमिकता दिएर काम गरिरहेको समेत बताए । सोही अनुसार प्रतिफल पनि देखिँदै गएको उनको भनाई थियो ।

आगामी वर्षको योजना के के छन ?

प्रदेश सरकार अन्तर्गत रहेको परिषद्ले मास्टर प्लान बनाएर काम गरिरहेको छ । 'सांविधानले खेलकुदलाई तिनैतहको साझा अधिकारको सूचीमा राखेको छ ।' यस्तै राष्ट्रिय खेलकुद ऐनले समेत प्रदेश खेलकुद संरचनाहरू प्रदेश कानुन बमोजिम गठन हुनेछन भनेको छ । त्यसैअनुरूप जिल्ला खेलकुद समिति प्रदेश मातहत रहेका छन । अब कन्फुज हुनुपर्ने कुनै कारणहरु छैनन् । सांघियता कार्यन्ययन भईरहेको सवालमा पुःन जिल्ला खेलकुद समिति केन्द्र मातहत हुन्छ कि भन्ने दुविधा पाल्नु पर्ने आवश्यकता नै छैन । यस्तो स्थितिमा राज्यको ३ तहका सरकारहरु संघ,प्रदेश र स्थानीयतहरुलाई काम कर्तव्य र अधिकारहरु के(के हुन कानुनत स्पष्ट गरिएको छ । कतिपय स्पष्ट नभएका विषयहरुमा समन्वय गर्नका लागी राष्ट्रिय खेलकुद परिषदमा प्रदेशको सदस्यसचिव बोर्ड सदस्य हुने व्यवस्था रहेको सदस्यसचिव भण्डारीले बताए ।

त्यसैअनुरूप प्रदेश सरकार र प्रदेश सरकार अन्तर्गत रहेको खेलकुद परिषद् विविध दीर्घकालीन लक्ष्य बोकेर अगाडी बढिरहेको उनले बताए । स्थानीय तहले खेलाडी उत्पादन गर्नुपर्ने र प्रदेशले त्यसलाई सर्पोट हुनुपर्ने कार्यक्रमहरु ल्याएर अगाडी बढ्ने प्रदेशको भावी योजना रहेको छ । अहिले स्थानीयतहहरुले खेलाडी उत्पादन गर्नुभन्दा पनि धेरै राष्ट्रिय स्तरका खेलहरु र जुन खेल हेर्न रमाइलो र बढी भिड हुने गर्दछ त्यसलाई मात्र बढी लक्ष्यित गरिरहेको अवस्थामा प्रदेश परिषद् मातहत रहेका जिल्ला खेलकुद समिति मार्फत सबै स्थानीयतहहरुलाई बुझाउने प्रयास गरिरहेको छ ।

प्रदेशले १३ वटा जिल्लामा रहेका खेलाडीहरु खोज्न हालसम्म ३ वटा प्रदेश स्तरीय खेलहरु सञ्चालन गरेको सदस्यसचिव भण्डारीले बताए । "प्रदेश स्तरका खेलबाट नयाँ नयाँ खेलाडीहरु आउनुको साथै अहिले भएका खेलाडीहरुले समेत प्रतियोगिता भईरहदाँ खेलक्षेत्रमा टिकिरहने अवस्था बन्ने छ ।" परिषदले जनशक्ति विकासको दीर्घकालीन लक्ष्य बनाउने र अर्को पुर्वधार निर्माणको लक्ष्य बनाउदै अघि बढिरहेको जनाएको छ । खेलाडीहरुले वर्षमा एकपटक पनि प्रतियोगिताबै हुदैन भने धेरै गुनासो आउने गरेकोमा परिषद्ले ३ वटा प्रदेश स्तरका प्रतियोगिताहरु गरी सुरूवात गरेको थियो ।

"आगामी अवको केही महिनामै निर्माण सम्पन्नगरि राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरु सञ्चालन गर्ने परिषद्को लक्ष्य छ"

सूर्यलाल भण्डारी, परिषद सदस्य सचिव



त्यसयता संघले,स्थानियतहरुले समेत धेरै राष्ट्रिय स्तरका र अन्य खेलकुदका प्रतियोगिता गर्नसुरू गरेपछि मने प्रदेश सरकारले रणनीति परिवर्तन गरेको छ । अब प्रदेश सरकारले विभिन्न खेलका खेलाडी उत्पादन गर्न खेल प्रशिक्षक नियुक्त गर्दै दैनिक रूपमा खेलको अभ्यास गर्ने वातावरण सिर्जना गरेको सदस्य सचिव भण्डारीले बताए । खेल प्रतियोगिताहरु हुने समयमा खेलाडीहरु खोजेर हिडनुपर्ने अवस्थाको अत्यगर्न परिषद अग्रसरता देखाएको छ । खेलकुद परिषद् गठन भएपछी बागमती प्रदेश खेलकुद परिषदले सातवटै प्रदेशका सदस्यसचिवको भेला समेत गरेको थियो । उक्त भेलाले प्रत्येक वर्ष फरक फरक प्रदेशले अन्तर प्रदेश खेलकुद प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरेको थियो । उक्त निर्णय अनुसार उक्त प्रतियोगितामा हुने प्रत्येक खेलमा सबले प्रदेश टिम निर्माण गर्नुपर्ने छ ।

त्यसको एकमात्र उदेश्य जिल्लामा हुने विद्यालय स्तरका राष्ट्रपति खेल प्रतियोगिता र अन्य स्थानीयतहरुमा हुने प्रतियोगिताबाट निस्केका खेलाडीहरुलाई अघि बढ्न नयाँ प्लेटफर्म सिजर्ना गर्नु रहेको परिषदले जनाएको छ । परिषदले उक्त प्रदेश स्तरका प्रतियोगितमा सहभागी खेलाडीहरुले खेल प्रदर्शनबाट पुन राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी हुन अवसर प्राप्त गर्ने स्थिति सिर्जना गर्न विविध योजना सहित काम गरि रहेको छ । भने परिषदले प्रत्येक वर्ष खेलाडीहरुको अभिलेख राख्ने काम समेत अघि बढाएको छ । परिषदले प्रत्येक वर्ष नयाँ उत्पादन भएका खेलाडीहरु र खेलक्षेत्रबाट रिटार्ईड भएका खेलाडीहरुको समेत अभिलेख राख्ने काम गरिरहेको जनाएको छ ।

बागमती प्रदेशले सुरूबाटै निती तथा कार्यक्रममा समेटेर एक पालिका एक खेल मैदान, एक निर्वाचन क्षेत्र एक कर्मड हल, एक जिल्ला एक रङ्गशाला र प्रदेश स्तर मा गौरीटार रंगशालालाई सुविधा सम्पन्न रंगशाला बनाउने योजना ल्याएको थियो ।

तत्कालीन मुख्यमन्त्री डोरमणी पौडेल नेतृत्वको सरकारमा सामाजिक विकास मन्त्री युवराज दुलालले ल्याएको उक्त योजनाले हालसम्म पनि निरन्तरता पाईरहेको छ । प्रदेशका १३ जिल्लामा कर्मड हल निर्माण भईसकेको र केही बाकीं रहेका जिल्लाहरुमा आगामी आर्थिक वर्षभित्र सम्पन्न हुने परिषद्ले जनाएको छ ।

यस्तै प्रदेशका १३ वटै जिल्लामा मिनी रंगशाला रहेता पनि रंगशाला नभएको जिल्लाहरुमा आगामी योजनामा समेटेर अघि बढने परिषद्को तयारी छ । चालु आर्थिक वर्षमा ९५ प्रतिशत बजेट प्रदेश स्तरको गौरीटार र गशालामा खर्च गरिएको सदस्यसचिव भण्डारीले बताए ।

गौरिटारभित्र चार हजार क्षमताको बहुउदेश्यीय कभर्डहल, अभ्यासका लागि एक दर्जन थप कभर्डहल, मोटर स्पोर्टस दयाक, महिला तथा पुरूषका लागि छुट्टाछुट्टै आवास कक्ष, रिक्रिएसन कक्ष, औषधीउपचार कक्षसाहित विभिन्न खेलका लागि दुई दर्जन संरचना निर्माण गर्ने प्रदेश सरकारको लक्ष्य छ ।



२०८१ साउन १० विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

हटियामा तेक्वान्दो खेलका ६ जना खेलाडी सम्मानित

○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा तेक्वान्दो खेलका ६ जना खेलाडी सम्मानित गरिएको ५ । तेक्वान्दोका विभिन्न प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई हेटौंडा-१७, हटियामा सम्मान गरिएको हो ।

४ जना छात्रा र २ जना छात्र गरी ६ जनालाई सम्मान गरिएको क्रियटिभ तेक्वान्दो डोजाङले जनाएको छ । सम्मानित हुनेमा चौथो संस्करणको नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दोमा ३९ केजी तौल समूहमा प्रथम, पुम्से विधामा प्रथम र चन्द्रागिरी राष्ट्रिय प्रतियोगितामा तेस्रो स्थान हासिल गरेका आदित्य पराजुली, खुला राष्ट्रिय तेक्वान्दोमा २० केजी तौल समूहमा प्रथम र चन्द्रागिरी तेक्वान्दोमा २० केजी तौल समूहमा दोस्रो र पुम्से विधामा प्रथम आरुषी पराजुली रहेका छन् ।

यसैगरी ४१ केजी तौल समूहमा तृतीय, ३८ केजीतौल समूहमा तृतीय र पुम्से विधाम द्वितीय आदित्य ढकाल, पुम्से विधामा तृतीय रिवानी अधिकारी र महिलातर्फ ३२ केजी तौल समूहमा प्रथम इच्छा विष्ट सम्मानित गरिएको क्रियटिभ तेक्वान्दो डोजाङले जानकारी दिएको हो । चन्द्रागिरी तेक्वान्दोमा तृतीय प्रिन्स ढकाललाई पनि सम्मान गरिएको छ । प्रतियोगिता आयोजनाको लागि सहयोग गर्ने सहयोगी दाताहरुलाई मायाको चिनो प्रदान गरिएको छ । उनीहरूलाइ नगर प्रमुख मिना कुमारी लामाले सम्मना प्रदान गरेकी थिइन् ।

नगर प्रमुख लामाले बंगलादेशको राजधानी ढाकामा हुने अन्तर्राष्ट्रिय तेक्वान्दोमा सहभागिताको लागि १ लाख रुपैयाँ सहयोग गर्ने घोषणा समेत गरिन् । २०७७ साल असोज ४ गते हरिबहादुर महतले हेटौंडा १७ मा जग्गा उपलब्ध गराएर २०७८ सालमा वडाको ४ लाख र जनश्रमदानबाट १ लाख २६ हजार गरी ५ लाख २६ हजारको पिलरमात्र उठाउने काम भएकाले नगरपालिकामार्फत् बजेट लगानी गर्ने उनले बताइन् ।

यसैबीच हेटौंडा-१७, हटियामा भएको पहिलो संस्करणको राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको आय-व्यय सार्वजनिक गरिएको छ । क्रियटिभ तेक्वान्दो डोजाङको आयोजनामा गत वर्षको कार्तिक १७ र १८ गते भएको राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको आय-व्यय विवरण करिब ९ महिनापछि सार्वजनिक गरिएको हो । कार्यक्रममा दुई दिन सञ्चालन भएको प्रतियोगितामा करिब १० लाख रुपैयाँ खर्च भएको डोजाङ प्रमुख भोजराम पराजुलीले सार्वजनिक गरे ।

मकवानपुर बहुमुखी क्याम्पस
(MMC-Hetauda)

भर्ना खुल्यो !
कक्षा-११
विज्ञान
व्यवस्थापन
मानविकी
शिक्षाशास्त्र



कक्षा सञ्चालन:
२०८१ श्रावण ५ गतेदेखि

मकवानपुर बहुमुखी क्याम्पस
हेटौंडा-२, मकवानपुर
फोन नं.: ०५७-५२०६२०, ९८५५०१६५१५

"मकवानपुरको शिक्षामा शान,गुणस्तरीय शिक्षा भुटनदेवीको पहिचान"
SEE नतिजा २०८० मा शैक्षिक गुणस्तरमा जिल्लामै प्रथम स्थान हासिल गर्न सफल
भुटनदेवी मा.वि.मा साइन्स, कमर्स र सीटीइभीटीमा भर्ना खुल्यो ।

भुटनदेवी मा.वि. मा कक्षा ११ मा भर्ना खुल्यो

मकवानपुर जिल्लाको उत्कृष्ट शैक्षिक धरोहर एवम् प्रसिद्ध शैक्षणिक केन्द्र भुटनदेवी मा. वि.मा शैक्षिक सत्र २०८१ का लागि कक्षा ११ मा साइन्स, कमर्स, सिभिल इन्जिनियरिङ्ग र CTEVT अन्तर्गतको ३ बर्से सिभिल इन्जिनियरिङ्ग विषयमा भर्ना खुलेको सहर्ष जानकारी गराउँछौं । :

हाम्रा आकर्षणहरू

- शैक्षिक सत्र २०८० को SEE परीक्षामा सामुदायिक विद्यालयतर्फ जिल्लामै उत्कृष्ट हुन सफल भएको,
- यस विद्यालयमा अध्यापन गर्ने सबै शिक्षकहरुले आफ्ना बाबुनानीहरुलाई आफ्नै विद्यालयमा भर्ना गरी शैक्षिक गुणस्तर अझ माथि उठाउन क्रियाशील भएको,
- अतिरिक्त तथा सहक्रियाकलापसहित सस्तो, सुलभ र गुणस्तरीय शिक्षाको प्रतिबद्धता भएको,
- विद्यार्थीको चाहना बमोजिम कक्षा ११ मा कम्प्युटर साइन्स विषय पनि पढाइ हुने,
- अत्याधुनिक साइन्स ल्याब, कम्प्युटर ल्याव र सुविधा सम्पन्न पुस्तकालय भएको,
- SEE परीक्षामा ३.२१ र सोभन्दा माथि जिपिए ल्याउने विद्यार्थीलाई पूर्ण छात्रवृत्ति, जिपिए २.४१ देखि ३.२ सम्म ल्याउनेलाई भर्ना र मासिक शुल्कमा ५० प्रतिशत अर्धवृत्ति तथा जिपिए १.६ देखि २.४ सम्म ल्याउनेलाई २५ प्रतिशत मासिक शुल्कमा छात्रवृत्तिको व्यवस्था भएको,
- आर्थिक रुपमा अति विपन्न र जेहेन्दार विद्यार्थीलाई केही विशेष सुविधा भएको,

भर्ना फारम धमाधम वितरण भैरहेको छ ।

साइन्स र कमर्सको कक्षा संचालन श्रावण १३ गतेदेखि	कक्षा ११ सिभिलको भर्ना फारम भर्ने समय २०८१ असार १४ गतेसम्म र प्रवेश परीक्षा: २०८१ श्रावण २ गते बिहान ११:०० बजे ।	CTEVT इन्जिनियरिङ्को भर्ना फारम भर्ने समय २०८१ श्रावण १३ गतेसम्म प्रवेश परीक्षा श्रावण १९ गते दिउँसो १:०० बजे

थप जानकारीका लागि :मो न: ९८४५४५९८०५, ९८४५२८६८३०, ९८४९७३६१२२

भुटनदेवी मा.वि.हेटौंडा -४

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

सिद्धार्थ माध्यमिक विद्यालय
हेटौंडा-२, मकवानपुर
BIG SCHOOL



PROGRAMMES

Class 11
Science
Law Education
Management

CTEVT
3 Yrs Diploma in Forestry

Contact at: 057-520700, 9845302800,
9845058715, 9845072247, 9845028839, 9855070647

मन्त्रीहरूलाई प्रगती सार्वजनिक गर्न भ्याईनभ्याई

◯ संझना घिमिरे

मकवानपुर । १८ महिना बागती प्रदेश सरकार को नेतृत्व गरेका माओवादी संसदीय दलको नेता शालिकराम जमकट्टेलले आफू सरकारबाट बाहिरीदै गर्दा आफ्नो कार्यकालयमा भएको कामको प्रगती विवरण पुस्तकमार्फत सार्वजनिक गरे ।

मुख्यमन्त्रीको पदमा रहदा भएको कामको विववरण पत्रकार सम्मेलन गर्दै जमकट्टेलले सार्वजनिक गरेसँगै सबै जसो मन्त्रालयहरूले उही शैली अपनाउँदै प्रगति विवरण सुनाउँने होड देखियो । उक्त समयमा प्रदेशभर ५९६ कि.मि. पक्की सडक तथा २६७ कि.मि. ग्रावेलस्तरको सडक निर्माण तथा स्तरोन्नति भएका, ६१ वटा सडक पुल र १६ वटा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भएका छन् भने एशियाको पहिलो चुरियामाई सुरुङ्ग मार्ग मर्मत गरिएको जमकट्टेलले प्रस्तुत गरे ।

यस्तै खानेपानीतर्फ २०५ वटा तूला आयोजना र सिंचाईतर्फ १५२१ आयोजना सम्पन्न भई ४१४८ हे. क्षेत्रमा थप सिंचाई विस्तार भएको छ । प्रदेशभर ३७,९४९ खानेपानीका धारा जडान भएका छन्। साथै, २२६ सामुदायिक भवन, २१ वटा पार्क, ३३५ व्यक्तिगत आवास, ३०९ विद्यालय घेराबार, १६७ दुई कोठे भवन र १५१ खेलमैदान निर्माण गरिएको छ। प्रादेशिक सडक यातायत गुरुयोजना, २०८१ स्वीकृत गरी यसअन्तर्गत २० वटा सडकलाई प्रदेश लोकमार्ग र ३३० वटा सडकलाई प्रदेश मार्गमा समावेश गरिएको थियो । यसै गरी युवा, खेलकुद तथा सामाजिक विकास तर्फ सामुदायिक विद्यालयहरुको स्तरोन्नति तथा शैक्षिक गुणस्तरको सुधारका लागि १६७ वटा दुई कोठे भवन निर्माण, ३०९ वटा विद्यालय घेराबार, ५४ वटा दुई कोठे शौचालय तथा ४३ वटा विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन भएको छ। ३५१ वटा खेलमैदान निर्माण सम्पन्न भएका छन् स्थानीय तहसँगको साझेदारीमा चितवनको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणका लागि ६ करोड असी लाख रकम निकासा गरिएको छ । ४० वटा जेष्ठ नागरिक र सामुदायिक भवन निर्माण, सामुदायिक विद्यालय र सामुदायिकसमेत गरि ३८ वटा संस्थाहरु मर्मत गरिएको छन्।

यता प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्री राजेन्द्रमान श्रेष्ठ, सामाजिक विकास मन्त्री कुमारी मोक्तान, श्रम रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्सालले, आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले पनि आफ्नो कार्यकालमा भएको कार्यको प्रगति विवरण लहडमै सार्वजनिक गरे । उनीहरूले आफ्नो कार्यकालको ४ महिनादेखि १८ मनिसम्मको कार्यकालको विवरण सार्वजनिक गरेका हुन् ।

नेतृत्वमा रहेका जमकट्टेलले प्रगती विवरण सार्वजनिक गरेपछि मन्त्रालयपिच्छे नै यस्तो कार्यक्रम गर्नु पर्ने आवश्यकता नभएको पत्रकार प्रताप विष्ट बताउँछन् । "मन्त्रीहरूमा पनि आपसी विश्वासको तालमेल देखिदैन, मुख्यमन्त्रीले नै किताबमा सबै मन्त्रालयको विवरण समावेश गरेपछि अन्यले पनि त्यही काम गरिरहनु पर्दैनथ्यो" उनले भने।

यसैबीच नेकपा एमाले र नेपाली काँग्रेसबीच भएको नयाँ गठबन्धन अनुसार प्रदेशका मन्त्रालयहरूमा नयाँमन्त्रीहरू नियुक्त भएका छन् ।

हार्दिक शुभकामना

विगत १२ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आएको सहीखबर साप्ताहिकले मकवानपुरको पत्रकारिता क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । विशेष गरी महिला, बालबालिका, मानवअधिकार र सामाजिक विषयलाई प्राथमिकता दिँदै आएको यस पत्रिकाले समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निभाएको हामीले पाएका छौं । सम्पादक, प्रकाशक र अन्य कर्मचारी सबै महिला मात्र संलग्न रहेको यस साप्ताहिकले महिला सशक्तीकरणको क्षेत्रमा पनि उदाहरणीय काम गरेको छ ।

पछिल्लो ४ वर्षदेखि *www.saheekhabar.com* समेत प्रकाशित गरी डिजिटल माध्यममा पनि आफ्नो उपस्थिति जनाएको छ । आगामी दिनहरूमा पनि सहीखबर साप्ताहिक र *www.saheekhabar.com* ले नेपाली पत्रकारिता क्षेत्रमा थप योगदान पुऱ्याउँदै जाओस् र समाजको आवाज बन्न सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

साथै, पत्रिका र अनलाइनको निरन्तर प्रगतिको कामना ।

कुमारी वाइबा (कार्यक्रम संयोजक) एवम्

हिमराइट्स मकवानपुर परिवार

हार्दिक शुभकामना

विगत १२ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आएको सहीखबर साप्ताहिकले मकवानपुरको पत्रकारिता क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । विशेष गरी महिला, बालबालिका, मानवअधिकार र सामाजिक विषयलाई प्राथमिकता दिँदै आएको यस पत्रिकाले समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निभाएको हामीले पाएका छौं । सम्पादक, प्रकाशक र अन्य कर्मचारी सबै महिला मात्र संलग्न रहेको यस साप्ताहिकले महिला सशक्तीकरणको क्षेत्रमा पनि उदाहरणीय काम गरेको छ ।

पछिल्लो ४ वर्षदेखि *www.saheekhabar.com* समेत प्रकाशित गरी डिजिटल माध्यममा पनि आफ्नो उपस्थिति जनाएको छ । आगामी दिनहरूमा पनि सहीखबर साप्ताहिक र *www.saheekhabar.com* ले नेपाली पत्रकारिता क्षेत्रमा थप योगदान पुऱ्याउँदै जाओस् र समाजको आवाज बन्न सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

साथै, पत्रिका र अनलाइनको निरन्तर प्रगतिको कामना ।

सुनिरा लामा (पैरवी अधिकृत) एवम्

कोशिश मकवानपुर परिवार

हार्दिक शुभकामना

विगत १२ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आएको सहीखबर साप्ताहिकले मकवानपुरको पत्रकारिता क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । विशेष गरी महिला, बालबालिका, मानवअधिकार र सामाजिक विषयलाई प्राथमिकता दिँदै आएको यस पत्रिकाले समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निभाएको हामीले पाएका छौं । सम्पादक, प्रकाशक र अन्य कर्मचारी सबै महिला मात्र संलग्न रहेको यस साप्ताहिकले महिला सशक्तीकरणको क्षेत्रमा पनि उदाहरणीय काम गरेको छ । पछिल्लो ४ वर्षदेखि *www.saheekhabar.com* समेत प्रकाशित गरी डिजिटल माध्यममा पनि आफ्नो उपस्थिति जनाएको छ । आगामी दिनहरूमा पनि सहीखबर साप्ताहिक र *www.saheekhabar.com* ले नेपाली पत्रकारिता क्षेत्रमा थप योगदान पुऱ्याउँदै जाओस् र समाजको आवाज बन्न सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछौं । साथै, पत्रिका र अनलाइनको निरन्तर प्रगतिको कामना ।

कमला सुवेदी (अध्यक्ष)

निशा लामा (कार्यक्रम संयोजक) एवम्

मकवानपुर महिला समूह परिवार

हार्दिक शुभकामना

विगत १२ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आएको **सहीखबर साप्ताहिक**ले मकवानपुरको पत्रकारिता क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । विशेष गरी महिला, बालबालिका, मानवअधिकार र सामाजिक विषयलाई प्राथमिकता दिँदै आएको यस पत्रिकाले समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निभाएको हामीले पाएका छौं । पछिल्लो ४ वर्षदेखि ***www.saheekhabar.com*** समेत प्रकाशित गरी डिजिटल माध्यममा पनि आफ्नो उपस्थिति जनाएको छ । आगामी दिनहरूमा पनि **सहीखबर साप्ताहिक** र ***www.saheekhabar.com*** ले नेपाली पत्रकारिता क्षेत्रमा थप योगदान पुऱ्याउँदै जाओस् र समाजको आवाज बन्न सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

बालकृष्ण अधिकारी (अध्यक्ष) एवम्

प्रेस चौतारी मकवानपुर परिवार

विपदबाट बचौं र बचाऔं

- ☞ विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- ☞ बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- ☞ विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
- ☞ विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- ☞ पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- ☞ बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड